ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

REDRESS
*Ending Torture. Seeking Justice for Survivors*

## प्रेस वक्तव्य

## संयुक्त राष्ट्रसंघीय मानवअधिकार समिति : शिक्षकको बेपत्ता तथा यातनाका लागि राज्य जिम्मेवार, पीडकलाई कारबाही गर्न तथा कानुनमा परिवर्तन गर्न सरकारलाई आग्रह

**काठमाडौं, २०६९ भदौ ७ –** नेपाल फेरि एकचोटि आफ्नो एक नागरिकको बेपत्ता तथा यातनाका लागि जिम्मेवार रहेको भनी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले निष्कर्ष निकालेको छ र पीडकलाई अनुसन्धान तथा कारबाही गर्नका लागि सरकारलाई आग्रह गरेको छ ।

पीडितलाई दिइने कानुनी उपचारको अंगका रूपमा यातनालाई फौजदारी अपराध भनी परिभाषित गर्नेगरी कानुन बनाउन तथा यातना र जबर्जस्ती बेपत्तामा संलग्न भएका भनिएका सबै पीडकलाई दण्डहीनता दिने सबै कानुन खारेज गर्नसमेत विशेष रूपमा यस्तोखाले मुद्दामा पहिलोपल्ट समितिले नेपाल सरकारलाई निर्देशन दिएको छ ।

द्वन्द्वकालमा शिक्षक देव बहादुर महर्जन १३ महिने लामो अवधिसम्म तत्कालीन शाही नेपाली सेनाको स्वेच्छाचारी थुना, यातना र दुर्व्यवहारबाट पीडित भएको निष्कर्ष समितिले निकाल्यो ।

**देव बहादुर महर्जन** लाई २०६० मंसिर १० गते मध्यरातमा उनकै घरबाट नेपाली सेनाका जवानले पक्राउ गरेका थिए । उनलाई पक्राउ गरेको मितिदेखि २०६१ असोज १ गतेसम्म छाउनी ब्यारेकमा गैरकानुनी थुनामा राखिएको थियो । थुनामा हुँदा उनलाई पूरै समय आँखामा कालोपट्टि लगाइएको थियो वा टाउको छोपिएको थियो र बेस्सरी कुटपिट गरिएको थियो । त्यसपछि उनलाई सुन्दरीजलस्थित कारागारमा सारिएको थियो र सर्वोच्च अदालतको आदेशपछि २०६१ पुस २३ गते थुनामुक्त गरिएको थियो ।

नेपालमा न्याय नपाएपछि महर्जनले जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिसमक्ष आफ्नो मुद्दा पेश गरेका थिए । एड्भोकेसी फोरमले उनको कानुनी प्रतिनिधित्व गरेको थियो भने मानवअधिकारसम्बनधी अन्तर्राष्ट्रिय संस्था रिड्रेसले यसमा सहायता दिएको थियो ।

सरकारले मुद्दामा आफ्नो बचाव गरेको हो तर महर्जनका आरोप सत्य हुन् भनी समितिले ठहर गर्‍यो । महर्जनले आफ्नो बेपत्ता तथा यातनाका कारण परिवारमा तनाव र पीडा पुगेकाले उनीहरूको समेत मानवअधिकार उल्लंघन भएको भनी आरोप लगाएका थिए र मानवअधिकार समितिले यसै भएको पायो ।

आफ्नो फैसलामा समितिले सरकारलाई महर्जनमाथिको यातनाको घटनामाथि "पूर्ण तथा चुस्त" अनुसन्धान गर्न, यसमा जिम्मेवार रहेका व्यक्तिलाई कारबाही र सजाय गर्न तथा महर्जनको यातना तथा बेपत्ताका कारण उनी तथा उनको परिवारमा आइपरेको पीडाका लागि पर्याप्त क्षतिपूर्ति दिनका लागि आह्वान गऱ्यो ।
यो मुद्दामा आर्थिक क्षतिपूर्ति मात्र पर्याप्त नहुने भनी समितिले बतायो, "यो मुद्दामा लगाइएका गम्भीर अपराधका आरोपमा क्षतिपूर्तिका लागि मुद्दा चलाउनुलाई पीडकविरुद्ध सरकारी अधिकारीले दायर गर्ने अभियोगको विकल्पको रूपमा लिन मिल्दैन ।"

द्वन्द्वकालका अपराधमा अनुसन्धान र कारबाही गर्ने आफ्नो अन्तर्राष्ट्रिय दायित्वको उल्लंघन नेपालले गरेको भनी समितिले ठहर गरेको यो तेस्रो मुद्दा हो ।

महर्जनको कानुनी प्रतिनिधित्व गर्नुहुने मन्दिरा शर्माले समितिको निर्णयलाई स्वागत गर्दै भन्नुभयो, "यातना तथा बेपत्ताका मुद्दामा आममाफी कुनै पनि हालतमा दिन सकिँदैन भनी यो मुद्दाको फैसलाले स्थापित गरेको छ । यसका अलावा देव महर्जनको मुद्दामा अनुसन्धान गर्न, यसमा जिम्मेवार रहेका व्यक्तिलाई कानुनी दायरामा ल्याउन र पीडितहरूलाई परिपूरण दिने दायित्व सरकारमा छ । नेपालको शान्ति प्रक्रियामा बेमतलब गरिएका पीडितमा यसले केही आशा जगाएको छ ।"

यो निर्णयको नेपालीमा अनुवाद गरी व्यापक रूपमा प्रकाशित गर्न तथा समितिका विचारको कार्यान्वयनका लागि चालेका कदमका सम्बन्धमा समितिलाई प्रतिवेदन गर्ने दायित्व सरकारलाई समितिले सुम्पिएको छ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :

मन्दिरा शर्मा ९८५१०४८४७५

**<u>सम्पादकका लागि नोट :</u>**

पाँच वर्ष अगाडिको शान्ति सम्झौताले नेपालमा चलेको दस वर्षे द्वन्द्वको अन्त्य गरेको थियो जुन द्वन्द्वमा हजारौंको संख्यामा व्यक्तिलाई स्वेच्छाचारी पक्राउ गरिएको तथा थुनामा राखिएको, जबर्जस्ती बेपत्ता पारिएको, गैरकानुनी हत्या गरिएको, बलात्कार गरिएको तथा यातना दिइएको थियो । उक्त सम्झौतादेखि आजका मितिसम्म अपराधीलाई न्यायको दायरामा उपयुक्त तवरले ल्याइएको छैन र द्वन्द्वकालका तथा द्वन्द्वोत्तर कालका समयमा भएका मानवअधिकार उल्लंघनमा जिम्मेवार भनिएका कैयौं व्यक्तिलाई एकपछि अर्को सरकारले आममाफी दिएका छन् । मानवअधिकारको गम्भीर उल्लंघनमा दण्डहीनता कायम नै छ ।

**देव बहादुर महर्जन** लाई २०६० मंसिर १० गते मध्यरातमा उनकै घरबाट नेपाली सेनाका जवानले पक्राउ गरेका थिए । उनलाई पक्राउ गरेको मितिदेखि २०६१ असोज १ गतेसम्म छाउनी ब्यारेकमा गैरकानुनी थुनामा राखिएको थियो । त्यसपछि उनलाई सुन्दरीजलस्थित कारागारमा सारिएको थियो ।

उक्त अवधिभर उनले आफ्ना परिवार र साथीसँग सम्पर्क गर्न पाएनन् अनि कानुन व्यवसायीसँग परामर्श गर्नसमेत पाएनन् । उनलाई कहाँ राखिएको छ भनी उनको परिवारले थाहै पाएन ।

सेनाको ब्यारेकमा राखिँदा महर्जनमाथि यातना तथा दुर्व्यवहार भएको थियो । सैनिकहरूले उनलाई सोधपुछका क्रममा लगातार चार रातसम्म बेस्सरी कुटपिट गरेका थिए र उनी थुनामा रहुन्जेल उनलाई तथा अन्य कैदीलाई समेत जथाभावी कुटपिट गरिएको थियो । महर्जनलाई यी कुटपिटका कारण चोटपटक लागेको थियो तर उनलाई औषधोपचार दिइएन । सोधपुछको अन्तिम रात महर्जनलाई ब्यारेकबाहिर लगियो र सैनिकले ब्यारेकको पर्खालनिर एकजना व्यक्तिलाई हत्या गरेको उनले देखे । ब्यारेकको थुनामा रहुन्जेल उनको आँखामा पट्टि बाँधिएको थियो वा पट्टि नबाँधेको अवस्थामा उनको टाउकोलाई कपडाले छोपिएको हुन्थ्यो जसकारण उनले तलतिर मात्र हेर्नसक्थे ।

सुन्दरीजलस्थित आधिकारिक थुनामा पठाएपछि उनलाई जुकाले भरिएको भीडभाडयुक्त कोठामा राखिएको थियो र उनलाई भुँइमा ओच्छ्याइएको एउटा कम्बलमा सुत्न बाध्य पारिएको थियो । पूरै थुना अवधिभर उनलाई तीनचोटि मात्र सरसफाइ गर्न दिइएको थियो ।

महर्जनकी दिदीले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको मुद्दा हालेपछि उनलाई अन्ततोगत्वा २०६१ पुस २३ गतेका दिन थुनामुक्त गरिएको थियो । उनको जबर्जस्ती बेपत्ता तथा यातनाको घटनामा राज्यले अनुसन्धान गरेको छैन तथा गैरकानुनी पक्राउ र थुना वा यातनाका लागि उनलाई क्षतिपूर्तिसमेत दिइएको छैन ।

महर्जनले २०६५ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिसमक्ष आफ्नो मुद्दा पेश गरेका थिए । एड्भोकेसी फोरमले उनको कानुनी प्रतिनिधित्व गरेको थियो भने रिड्रेसले यसमा सहायता दिएको थियो । महर्जनले आफ्नो बेपत्ता तथा यातनाका कारण परिवारमा तनाव र पीडा पुगेकाले उनीहरूको समेत मानवअधिकार उल्लंघन भएको भनी आरोप लगाएका थिए र मानवअधिकार समितिले यसै भएको पायो ।

बेपत्ता तथा यातनाका पीडित महर्जन २०६६ मा न्यायका लागि द्वन्द्वपीडित समाज (सिभिएसजे) को सदस्यता लिएर सबैखाले द्वन्द्वपीडितको अधिकारका लागि सञ्चालित कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आइरहेका छन् । उनी न्यायका लागि द्वन्द्वपीडित समाजको शाखाका रूपमा रहेको काठमाडौं जिल्ला समितिका संयोजक पनि हुन् । न्यायका लागि द्वन्द्वपीडित समाज देशमा भएको एक दसक लामो द्वन्द्वका दौरान राज्य र तत्कालीन माओवादी विद्रोहीबाट हत्या, बेपत्ता, यातना तथा यौन हिंसाको सिकार भएका पीडितको राष्ट्रिय सञ्जाल हो र पीडितको हकहितका लागि यसका विभिन्न कार्यक्रम सञ्चालित हुँदै आइरहेका छन् ।

**संयुक्त राष्ट्रसंघीय मानवअधिकार समिति** १८ जना स्वतन्त्र विज्ञ सम्मिलित त्यस्तो निकाय हो जसले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्रले कार्यान्वयन गरेका छन् कि छैनन् भनी पर्यवेक्षण गर्दछ । पक्षराष्ट्रले पेश गरेका प्रतिवेदन र व्यक्तिले पेश गरेका मुद्दा जसलाई 'सञ्चार' भनी बुझिन्छ त्यसमाथि विचार गर्नका लागि जेनेभा तथा न्युयोर्कमा वर्षको तीनचोटि समितिको बैठक बस्छ ।

**एड्भोकेसी फोरम** विधिको शासनलाई प्रवर्द्धन गर्न तथा अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डलाई पालना गराउनका लागि निरन्तर कार्यरत अग्रणी गैरमुनाफामुखी गैरसरकारी संस्था हो । सन् २००१ मा स्थापना भएदेखि नै एड्भोकेसी फोरम मानवअधिकारको पैरवी गर्दै आइरहेको छ र यसले नेपालमा गहिरो गरी जमेको दण्डहीनताको संस्कृतिविरुद्ध सक्रियतापूर्वक अभियान सञ्चालन गरिरहेको छ ।

**रिड्रेस** यातना तथा यससँग सम्बन्धित अन्तर्राष्ट्रिय अपराधका पीडितलाई सहायता गर्ने कार्यादेश पाएको बेलायतस्थित अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था हो । मुद्दा तयार पार्ने, कानुनमा सुधार ल्याउने, अनुसन्धान गर्ने तथा पैरवी गर्नेलगायतका अनेकौं तरिकाद्वारा रिड्रेसले आफ्नो कार्यादेश पूरा गर्दछ । यातनाका पीडितलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत प्राप्त हुने परिपूरणको अधिकारका विभिन्न पक्षका सम्बन्धमा संस्थाले व्यापक अनुभव बटुलेको छ र यातनापीडितका तर्फबाट राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र, अदालत र न्यायाधिकरणसमक्ष नियमित रूपमा संस्थाले मुद्दा उठाउनेगरेको छ ।

एड्भोकेसी फोरम र रिड्रेसले दण्डहीनताको रोकथामका लागि कानुनमा सुधार गर्ने, राष्ट्रिय स्तरमा मानवअधिकारका मुद्दामा सहयोग गर्ने तथा अन्तर्राष्ट्रिय मानवअधिकार निकायसमक्ष व्यक्तिका मुद्दा लैजाने काम संयुक्त रूपमा विगत कैयौं वर्षदेखि गर्दै आइरहेका छन् ।